मुख्यमन्त्री

सुदूरपश्चिम प्रदेश सरकार
धनगढी, कैलाली, नेपाल ।

# गणतन्त्र दिवस, २०८२ को शुभकामना सन्देश

१८ औं गणतन्त्र दिवसको अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीवहिनी तथा दाजुभाईमा हार्दिक बधाई सहित सुख, शान्ति र समृद्धिको लागि शुभकामना व्यक्त गर्दछु। लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने अमर सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। गणतन्त्र स्थापनाका लागि विभिन्न समयमा भएका आन्दोलनहरूलाई नेतृत्व प्रदान गर्ने राजनीतिक नेतृत्व तथा आन्दोलनका घाइतेप्रति सम्मान व्यक्त गर्दै आन्दोलनमा सहभागी राजनीतिक कार्यकर्ता, नागरिक समाजका अगुवाहरू एवं आम जनसमुदायको योगदानको उच्च प्रशंसा गर्दछु ।

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा भएको ऐतिहासिक दिनको सम्झनालाई चिरस्थायी वनाउन हामीले प्रत्येक वर्ष जेठ १५ गतेलाई गणतन्त्र दिवसको रूपमा मनाउँदै आएका छौं। वंश परम्परामा आधारित शासन व्यवस्थाको अन्त्य गर्दे जनतामा निहित सार्वभौमसत्ताको प्रयोग मार्फत जनताले नै छानेका प्रतिनिधिवाट सञ्चालन हुने प्रणाली स्थापना गर्ने रूपान्तरण गर्नु हाम्रो गणतन्त्रको मूलभूत विशेषता रहेको छ। हरेक नेपालीले सार्वभौमसत्ताको स्वतन्त्र र निष्पक्ष उपभोग गर्न पाउँने यस प्रणालीलाई अझै सुदृण गर्दे लैजानु पर्दछ।

नेपालको संविधानले मौलिक हकका रूपमा व्यवस्था गरेका शिक्षा, स्वास्थ्य, खाद्य सुरक्षा, खानेपानी, सरसफाई, वातावरण संरक्षण लगायतका आधारभूत अधिकारलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्दै आम जनताको जीवन स्तरमा गुणात्मक परिवर्तन ल्याउन गणतन्त्र दिवसले हामी सबैलाई थप उत्साह प्रदान गर्ने विश्वास लिएको छु।

अन्तमा, आजको यस ऐतिहासिक दिवसले मुलुकको भौगोलिक अखण्डता, राष्ट्रिय सार्वभौमिकता, स्वाधीनता र राष्ट्रिय एकतालाई अझ सुदृढ गर्दै सामाजिक न्याय सहितको समृद्धि हासिल गर्ने बाटोमा अघि वढ्न हामी सवैलाई प्रेरणा प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

२०८२ जेठ १५ गते विहीवार ।

कमल वहादुर शाह
मुख्यमन्त्री